जाडो मौसममा हुने सवारी दुर्घटनाको जोखिमबाट बचौं ।
- सावधानीपूर्वक सवारीसाधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारीसाधन चलाऔं ।
- सवारीसाधन चलाउँदा मादकपदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शङ्का लागेमा प्रहरीको निशुल्क टेलिफोन नं. १०० र १०३ मा खबर गरौं ।
आफू पनि बचौं, अरूलाई पनि बनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
epateekdaily.com




निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० पुस ०६ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 December 22 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११२

## ठगीधन्दामा विदेशिने युवतीहरूको सङ्ख्या बढ्दो –माइती नेपाल

प्रस, वीरगंज, ५ पुस/

माइती नेपाल, पर्साले बिहीवार पत्रकार सम्मेलन गरेर वीरगंज नाका



तस्वीरः प्रतीक

भएर भारत जाने १८७ जना युवतीको एक वर्षमा उद्धार गरिएको जनाएको छ।

माइती नेपाल पर्साकी संयोजक गोमा पौडेलले गत जनवरीदेखि हाल डिसेम्बरसम्म माइती नेपालले भारत जाने १८७ जना र नेपालमा महिला हिंसाका शिकार ७० जना गरी २५७ जनाको उद्धार गरेको बताइन्। उनले यो अवधिमा पर्सा प्रहरीको सहयोगमा तीनजना बालकको पनि उद्धार गरिएको बताइन्।

संयोजक पौडेलले १८ वर्षमुनिका ३५ जना र १८ वर्ष उमेरमाथिका युवतीहरू रहेका बताइन् ।

माइती नेपालले उद्धार गरेका युवतीहरूमा बाग्मती प्रदेशका ५८ जना, मधेस र गण्डकी प्रदेशका ३८/३८ जना, कोशी प्रदेशका ३३ जना, लुम्बिनी प्रदेशका १३ र सुदूरपश्चिम प्रदेशका सातजना छन्।

उनले गत वर्ष भारतीय प्रहरीको सहयोगमा ५६ जनाको उद्धार गरिएकोमा यो वर्ष भने १७ जनाको उद्धार गरिएको बताइन्।

संयोजक पौडेलले वीरगंज नाकामा माइती नेपालले २६ वर्षदेखि काम गर्दै आएको र ठोरी नाकामा पाँच वर्ष काम गरेको बताइन् । उनले २०७१–७६ सालसम्म ठोरीमा काम गरेको माइती नेपालको अहिले मधेस प्रदेशका पर्सा, सर्लाही र धनुषा गरी तीन स्थानमा कार्यालय रहेको बताइन्। उनले पछिल्लो समयमा वीरगंज नाका भएर यौनजन्य कार्यका लागि भारत जानेभन्दा ठगिने कार्यमा जानेहरूको सङ्ख्या बढेको बताइन्। उनले यस वर्ष मात्रै 'वी विनर' भन्ने संस्थाको ठगीधन्दामा ७१ जना नेपाली युवती ठगिएको बताइन्।

नेपाली युवतीहरूलाई आकर्षक तलब दिने भनेर सूचना आह्वान गर्ने, उनीहरूसँग दुई लाख नेरु धरौटीबापतको रकम लिने र मासिक २४ हजारको दरले तलब सुविधा दिएको देखाएर एकपछि अर्को नेपाली युवतीहरूलाई समूहमा आबद्ध गरेर ठगी गर्दै आएको बताइन्। उनले 'वी विनर'ले रोजगार दिएको ठानेर नेपाली युवतीहरू धमाधम त्यो संस्थामा रकम बुझाउने गरेकामा माइती नेपालले यसबारेमा सचेत पारेर ७१ जना युवतीको उद्धार गरेको संयोजक पौडेलले बताइन्। उनले भारतमा यौन व्यापार, आर्केस्ट्रामा जाने नेपाली युवतीहरूको सङ्ख्या घटेको तर मार्केटिङको नाममा हुने ठगीधन्दाका लागि जाने क्रम बढेको

(बाँकी अन्तिम पातामा)

## बाग्मती नदीमा अनुमतिविना उत्खनन

प्रस, रौतहट, ५ पुस/

वृन्दावन नगरपालिका अन्तर्गत पर्ने बाग्मती नदीमा अनुमतिविना उत्खनन प्रशासकीय अधिकृत रासनारायण पटेलले बताए ।

बलपूर्वक शिवम् क्रसर उद्योगले टोलीले आर्थिक लाभ लिई गूगल नक्शा अनुसार ठीक छ भनी सफाइ दिने गरेको उनले आरोप लगाए ।



तस्वीरः प्रतीक

भइरहेको छ ।

नगरपालिकाले ठेक्का नलगाएको अवस्थामा अवैधरूपमा नदीजन्य पदार्थको उत्खनन भइरहेको स्थानीयले बताए ।

शिवम् क्रसर उद्योगले पाँचवटा एक्साभेटर र सातवटा टिपर प्रयोग गरी बालुवा, गिट्टी, ढुङ्गा धमाधम उत्खनन गरिरहेको छ ।

बाग्मती नदी किनारमा रहेको उक्त क्रसर उद्योग नगरपालिकामा दर्ता नरहेको वृन्दावन नगरपालिकाका निमित्त उत्खनन गरिरहेको प्रमुख प्रशासकीय अधिकृत पटेलले बताए। सर्लाही जिल्लाको अनुमतिमा रौतहटको भूभागमा उत्खनन भइरहेको र यो कानूनविपरीत रहेको उनले बताए ।

खोला वा नदी किनारदेखि पाँच सय मिटरभित्रमा क्रसर उद्योग स्थापना गर्न नपाउने नियम छ तर शिवम् क्रसर उद्योग बाग्मती नदीको किनारैमा सञ्चालित छ र सरोकारवाला निकाय भने मौन बसेको छ ।

काठमाडौंबाट आएको निरीक्षण

जबकि सर्वसाधारण मानिसको आँखाले नदीको किनारमैं क्रसर उद्योग सञ्चालन भएको देख्न सकिन्छ। स्थानीय प्रहरीको मिलेमतोमा बाग्मती नदीमा अवैध उत्खनन भइरहेको छ ।

वृन्दावन नपाले आह्वान गरेको टेन्डर सकार गरेको ठेकेदारले ठेक्का सम्झौता गर्न नआएको निमित्त प्रमुख पटेलले बताए। अवैध उत्खनन भइरहेको थाहा पाई रोक्न जाँदा शिवम्ले अटेर गरिरहेको निमित्त प्रमुख प्रशासकीय अधिकृत पटेलले बताए।

## जमुनिया नदीमा आधिकारिताको विवाद

प्रस, वीरगंज, ५ पुस/

पटेर्वासुगौली र सखुवाप्रसौनी गाउँपालिकाको बीच भएर बग्ने जमुनिया नदीमा अहिले आधिकारिताको विवाद शुरू भएको छ ।

स्थानीय तह गठन भएदेखि जमुनिया नदीको विषयलाई लिएर दुई गापाबीच विवाद हुँदै आएको छ ।

उक्त नदीको ठेक्का पटेर्वासुगौली गापाले गत कात्तिकमा गरेपछि सोविरुद्ध सखुवाप्रसौनी गापाका जनप्रतिनिधिहरूले बिहीवार वीरगंजमा पत्रकार सम्मेलन गरी नदीमाथि आफ्नो गापाको मागदाबी गरे ।

गापाध्यक्ष यशवन्त यादव, पूर्वगापाध्यक्ष प्रदीप जयसवाललगायतका जनप्रतिनिधिले पटेर्वासुगौली गापाले जमुनिया नदीमा मनोमानी गरेको र उसले लगाएको ठेक्का रोक्नुपर्ने माग गरे ।

पूर्वअध्यक्ष जयसवालले यसअघि आफू जितेर आएदेखि नदीको विषयमा लड्दै आएको बताए ।

स्थानीय तह गठनपछि शुरूमा दुई वर्षको लागि वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी जिल्ला समन्वय समिति, पर्साले एक वर्षको लागि सो नदीको ठेक्का रु डेढ करोडमा लगाएको उनले बताए। त्यसपछि जिससले गरेको वातावरणीय परीक्षण प्रतिवेदनकै आधारमा राजनीतिक चलखेल गरी पटेर्वासुगौली गापाले पुनः एक वर्षको


तस्वीरः फाइल

लागि टेन्डर गरेपछि आफूले अदालतबाट रोक लगाएको उनले बताए ।

त्यसपछि चुलिएको विवाद जिल्ला प्रशासन कार्यालय, पर्साले निराकरण गर्दै ठेक्काको रकममा ६५ प्रतिशत सखुवाप्रसौनी र ३५ प्रतिशत पटेर्वासुगौलीले पाउने गरी सहमति भएको पूर्वअध्यक्ष जयसवालले पत्रकार सम्मेलनमा बताए । उनले सो सहमतिविपरीत पटेर्वासुगौली गापाले अहिले वातावरणीय परीक्षण प्रतिवेदन गराएर ठेक्का लगाएको बताए ।

पटेर्वासुगौली गापाध्यक्ष दिनेश चौधरीले भने आव शुरू भएपछि सखुवाप्रसौनी गापाध्यक्ष यशवन्त यादवसँग सम्पर्क गरी सहकार्यमा काम गर्न खोजेको तर उनले यसबारेमा कुनै प्रतिक्रिया नदिएपछि आफ्नो गापामा पर्ने भागको मात्र वातावरणीय परीक्षण प्रतिवेदन तयार गराएर ठेक्का लगाएको बताए ।

## माछासँगै भुराको मूल्यमा पनि वृद्धि

नरेश यादव, पर्सागढी, ५ पुस/

बर्सेनि वातावरणमा चीसो बढेसँगै माछाको माग बढेर मूल्यवृद्धि हुने गरेको छ ।

यस वर्ष भने माछाको मूल्यवृद्धिसँगै भुराको मूल्यमा पनि वृद्धि गरिएको छ। पर्सागढीमा रहेको भुरा उत्पादन केन्द्रमा यसअघि तीन इन्चसम्मको भुरा प्रतिगोटा दुईदेखि तीन रुपैयाँमा पाइने गरेकोमा अहिले मूल्यवृद्धि गरेर प्रतिगोटा रु पाँच गरिएको छ ।


तस्वीरः प्रतीक

पर्सा जिल्ला माछामा आत्मनिर्भर भएसँगै यहाँ माछाका भुराहरू बिक्री गर्ने केन्द्र पनि एकपछि अर्को खुल्दैछन्। पर्सागढी नगरपालिकामा तीनवटा भुरा केन्द्र खुलिसकेका छन् । यसैगरी, सखुवाप्रसौनीमा दुईवटा, वीरगंज महानगर, बहुदरमाई नपा, धोबिनी, छिपहरमाई, पकाहामैनपुरमा एक/एक वटा गरी १० स्थानमा भुरा उत्पादन केन्द्र रहेको भेटेरिनरी तथा पशु सेवा कार्यालय, पर्साका मत्स्य शाखा प्रमुख राजेश्वर कुशवाहाले बताए। उनले हाल पर्सा जिल्लाको दुई हजार बिघा जग्गामा माछापोखरी रहेको जानकारी गराए ।

विगतमा जिल्लामा माछाका भुरा उत्पादन केन्द्र नहुँदा यहाँका माछापालक किसानहरू हेटौंडाबाट भुरा ल्याएर माछापालन गर्थे । त्यसपछि बारा जिल्लाका भुरा केन्द्रहरूबाट भुरा खरीद

(बाँकी अन्तिम पातामा)

## वीरगंजमा डेङ्गुबारे सचेतना



प्रस, वीरगंज, ५ पुस/

ग्रीनसिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगर र जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साको संयुक्त आयोजनामा बिहीवार वीरगंज महानगरपालिका–१०

(बाँकी अन्तिम पातामा)

## पाँच महीनामा महानगरको राजस्व साढे चार करोड बढी सङ्कलन

प्रस, वीरगंज, ५ पुस/

वीरगंज महानगरपालिकाको आन्तरिक राजस्व गत वर्षको तुलनामा चालू आवको पाँच महीनामा साढे चार करोड बढी सङ्कलन भएको छ ।

वीरगंज महानगरपालिका राजस्व महाशाखा प्रमुख मनोज कर्णले गत वर्ष मङ्सिर मसान्तसम्म रु १७ करोड ५५ लाख ८७ हजार ५१५ सङ्कलन भएकोमा चालू आवको सोही अवधिमा २१ करोड ९९ लाख ९८ हजार ६९९ सङ्कलन गरिएको बताए। उनले सम्पत्तिकर आठ करोड ७२ लाख ८२ हजार, भूमिकर/मालपोत ४७ लाख ४३ हजार, घरबहाल कर दुई करोड ४१ लाख ८६ हजार, पूर्वाधार सेवाको उपभोग कर ९९ लाख २५ हजार, व्यवसाय रजिस्ट्रेसन एक करोड ३० लाख ५६ हजार, अखेटोपहार ६१ लाख, सरकारी सम्पत्ति बहालकर दुई करोड ६१ लाख १२ हजार सङ्कलन भएको बताए ।

यसैगरी, अन्य सेवा शुल्क एक करोड ४४ लाख ८६ हजार, नक्शापास दस्तुरबापत एक करोड ४४ लाख २१ हजार, सिफारिश दस्तुरबापत ९७ लाख ८१ हजार, व्यक्तिगत घटना दर्ताबाट १३ लाख २८ हजार, नाता प्रमाणित दस्तुरबापत १० लाख ३२ हजार र



तस्वीरः फाइल

प्रशासनिक दण्ड जरिवाना ३२ लाख चार हजार तथा बेरुजू छ लाख १९ हजार सङ्कलन भएको राजस्व महाशाखा प्रमुख कर्णले बताए ।

## विचारसार र सूक्तिहरू

**मानिस भन्छन् पैसा जोगाऊ, अप्ठ्यारो परेको बेला काम लाग्छ। तर असल मानिससँग सङ्गत गऱ्यो भने कहिले अप्ठ्यारो पर्नैसक्दैन ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# लापरवाहीको परिणाम

**वीरगंज महानगरपालिका कार्यालयले पुस १ गतेदेखि लागू हुनेगरी स्वयंसेवक शिक्षकहरूलाई पनि अवकाश दिएको छ। महानगर अन्तर्गतका सामुदायिक विद्यालयहरूको शैक्षिक स्तर उकास्नका लागि शिक्षकको रिक्त दरबन्दी पूर्ति गर्न महानगरपालिकाले परीक्षा लिएर स्वयंसेवक शिक्षकहरू नियुक्त गरेको थियो। यी शिक्षकहरूले महानगरमा रहेका सामुदायिक विद्यालयहरूमा पाँच महीना मात्र सेवा दिन पाए । महानगरपालिका कार्यालयले स्वयंसेवक शिक्षक भर्ना गर्दा ठूलो प्रचारबाजी गरेको थियो। माध्यमिक र निम्न माध्यमिक तहका शिक्षकहरू भर्नाका लागि परीक्षा पनि लिएको थियो। परीक्षा लिएर भर्ना भएका शिक्षकहरूलाई अहिले अयोग्य साबित गर्ने हैसियत महानगरसँग छैन भने हटाइनुको कारण पनि जनाएको छैन। भर्ना गर्नुपर्दा आवश्यकता देखाउने तर हटाउने बेला कारण नदेखाउनुले महानगरको नियतमा खोट देखिन्न । बाहिरी आवरण जेजस्तो देखाउने प्रयास भएपनि भित्री कुरा भने आर्थिक समस्याले नै हो । यही कारण अवकाश दिंदा खोलिदिएको भए विवाद सिर्जना हुँदैनथ्यो । तर महानगरले स्वयंसेवक शिक्षकहरू हटाउनुपर्ने कारण नजनाए पनि महानगरपालिकाले आर्थिक सङ्कटको सामना गर्नुपरिरहेको उठान भइरहेको छ । अहिले देश नै आर्थिक सङ्कटमा छ भने महानगरलाई आर्थिक सङ्कट पर्नु लज्जाको विषय पक्कै होइन। तर महानगरको नेतृत्वले स्वीकार नगर्दा विपक्षीहरूले प्रचारबाजी गर्ने अवसर मात्र पाएका हुन् ।**

**महानगरपालिकाको आन्तरिक राजस्व आशाप्रदरूपमा सङ्कलन हुन सकेको छैन । सङ्घ सरकारले दिने वित्तीय समानीकरण र राजस्व बाँडफाँडको रकम पनि पठाएको छैन भने प्रदेश सरकारले दिने अनुदान सहयोगमा पनि कटौती भएको छ । स्वयम् नगरपालिकाले पनि विभिन्न करहरू कटौती गर्नुका साथै सहुलियत दिएको छ। यावत् कुराहरूले राजस्व प्रभावित भएको हुन सक्छ। राजस्व सङ्कलन दर कम हुने अनुमान गरेको महानगरपालिकाले भने जनशक्ति भर्नाको विषयलाई गम्भीरतापूर्वक लिएन। नेतृत्वले जीतको उन्मादमा पहिलो चरणमा ठूलो सङ्ख्यामा कार्यकर्ताहरू भर्ना गऱ्यो । महानगरपालिका कार्यालयका लागि आवश्यकताभन्दा पनि आफू र आफ्नाहरूको वाहवाहीका लागि जनशक्ति भर्ना गरियो । नगरवासीलाई करार, दैनिक ज्यालादारी र डोर हाजिरमा भर्ना गरेर रोजगार प्रदान गरिएको डम्फु बजाइयो। जबकि यस कार्यको दीर्घकालीन असरबारेमा सोचविचार गरिएन । पहिलो चरणमा सङ्घ र प्रदेशसभा निर्वाचनलाई प्रभावित हुनेगरी कर्मचारी भर्ना गरियो। एकैपटक सात सय कर्मचारी भर्ना चानचुने कुरा होइन । जसरी भर्ना गरियो, चुनाव सके लगत्तै उनीहरूलाई अवकाश पनि दिइयो ।**

**महानगरको नयाँ नेतृत्वले पछिल्लो कार्यकालका करीब सयजना करार, दैनिक ज्यालादारी कर्मचारीहरूलाई अनावश्यक आर्थिक भार भनेर अवकाश दिएको थियो भने सात सय कर्मचारीलाई किन भर्ना गरियो भन्ने उतिबेला पनि प्रश्न उठाइएको थियो । अहिलेसम्म त्यस बेला कति भर्ना भएका थिए, कति खर्च भयो, किन भर्ना भए, अनि किन हटाइए भन्ने सार्वजनिक गरिएको छैन । यो अवस्थामा सामुदायिक विद्यालयहरूको शैक्षिक स्तर उकास्नका लागि भर्ना गरिएका स्वयंसेवक शिक्षकहरूलाई पनि हटाउनुपरेको छ । यी सबै कार्यले महानगरपालिका योजनाबद्धरूपबाट सञ्चालनमा छैन भनी बुझ्नुपर्छ। तसर्थ आगामी दिनमा त्रुटिपूर्ण कार्य नहोस् भन्नेतर्फ बेलैमा विचार पुऱ्याउनु बुद्धिमानी हुन्छ।**

# नेपालमा कृषिको दयनीय अवस्था

स्वतन्त्र विचार



**श्रीमन्नारायण**
an_shriman@yahoo.com

**विगत ३० वर्षमा सबैभन्दा बढी कृषि मन्त्रालयको जिम्मा मधेशी नेताहरूले नै पाएका छन् । तीमध्ये प्रायः सबै कृषक पृष्ठभूमिकै रहेका छन् तर पनि कृषि क्षेत्रको विकास नहुनु दुर्भाग्यपूर्ण हो ।**

नेपाली किसान विभिन्न समस्याबाट गुज्रिरहेका छन् । नेपाललाई कृषिप्रधान देश भनिए पनि कृषि हेपिएको र पाखा लगाइएको कारण अब यो किम्बदन्ति मात्रै रहन गएको छ। नेकपा माओवादीको एक दशक लामो सशस्त्रयुद्धका कारण माओवादीबाट पीडित किसानहरू सदरमुकाममा केन्द्रित भएपश्चात् कृषि उत्पादनमा ऱ्हास आउने क्रम रोकिएको छैन । कृषि मजदूरहरू पनि वैदेशिक रोजगारमा जान थालेका छन्। आवश्यक सीप, प्रशिक्षण र अनुभवको अभावका कारण आफ्नो ज्यान जोखिममा पारी कठिन काम गर्न बाध्य छन् । विदेशमा जोखिमपूर्ण काम गर्नुपरेका कारण अङ्गभङ्ग भई बाँच्नुपर्ने र कतिपयको लाश नै स्वदेश फर्कने गरेको कारण नेपाली युवाको भविष्य न देखिभित्र, न देशबाहिर नै सुरक्षित छ। भारतीय सेनामा गोर्खा भर्ती बन्द हुनुपर्ने माग राख्दै आएका नेताहरूले रूसी सेनामा नेपाली युवाहरूको भर्तीको विकल्प ल्याउन सकेका छैनन् । रूसी सेनामा पनि नेपाली युवाको भविष्य र जीउज्यान सुरक्षित छैन। अहिले पनि आफ्नै देशमा रहेर कृषि एवं व्यवसाय आदि गर्न चाहेमा नेपाली युवाको भविष्य सप्रन सक्छ तर देशका राजनीतिक दलहरू र सरकार तथा निर्णायक ठाउँमा पुगेकाहरूको प्राथमिकतामा कृषि क्षेत्र रहेकै छैन ।

राष्ट्रिय राजधानी काठमाडौंदेखि ग्रामीण क्षेत्रमा समेत चिनीको हाहाकार छ। दक्षिणी छिमेकी भारतमा आउँदो वर्ष लोकसभाको निर्वाचन हुन गइरहेको छ, तसर्थ विपक्षी राजनीतिक दलहरूले कुनै खाद्य सामग्रीको अभावलाई राजनीतिक मुद्दा नबनाऊन् भनेर प्याज, चिनी, चामललगायत दैनिक उपभोग्य वस्तु निर्यातमा रोक लगाएको छ। यसको प्रत्यक्ष असर हाम्रो जनजीवनमा परेको छ। निजी प्रयोगको लागि सीमापारिबाट कसैले ल्याउन खोज्दा पनि प्रत्येक ५०–१०० मिटरमा तैनात नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका जवानहरूको अवरोधले थप समस्या उत्पन्न गरिरहेको छ। नेपाली कृषि क्षेत्रको विकासमा ध्यान केन्द्रित गरिएमा प्याज, चिनी र चामलको अभाव हुनेछैन। तरकारी, दाल र चिनीमा पनि हामी आत्मनिर्भर नहुँदा कसरी हाम्रो स्वाभिमान र आत्मसम्मान बलियो हुन सक्छ ? यस्तो अवस्थामा हामीसँग पैसा भएर पनि कुनै कारणले आर्थिक सङ्कटमा पर्न गएको खण्डमा भोकभोकै बस्नुपर्ने अवस्था आउन सक्छ। सरकारले यसको विकल्प खोज्नु आवश्यक छ ।

नेपाल समस्यैसमस्याले ग्रस्त मुलुक बनेको छ । गरीबी, बेराजगारी र महँगीबाट जनता पीडित छ । समस्या समाधान हुने बाटो देखिंदैन । देशका राजनीतिक दलहरू विगत १८ वर्षदेखि मिलेरै शासन चलाउँदै आएका छन् तर समस्याका समाधान हुन सकेको छैन । हाम्रो प्रमुख मुद्दा के हो ? चुनौतीहरू कति छन् ? यसको यकीन गर्ने र समाधानको निम्ति मार्ग बनाउने काम हुँदैन । उही अनुहार र प्रवृत्ति नयाँनयाँ आवरणमा आकर्षक नारा लिएर आउँछन् र हामी पटकपटक विश्वास गर्दछौं । जबसम्म नेपालमा कृषिलाई प्रमुख प्राथमिकतामा राखिंदैन तबसम्म समस्या समाधान हुन सक्दैन । कृषि उत्पादन बढाउन जग्गासम्बन्धी नीति वैज्ञानिक हुनु आवश्यक छ। कसैका बाजे खेती गर्दथे र कसैका बाजे खेती गर्दैनथे, यसै आधारमा मोही र जग्गाधनीको परिभाषा गरियो। ५८ वर्ष बितिसक्दा पनि मोहीका छोरालाई युवराज र नवयुवराजजस्तै मोहियानी हकको मालिक ठानिंदै छ । चाहे उसले खेती गरोस् वा नगरोस्। ६ दशक अघि जसका बाबुबाजे जग्गाधनी थिए तिनका सन्तान आज सुकुमबासीको अवस्थामा पुगिसकेका छन्, स्वयं खेती गर्न चाहिरहेका छन् ।

आधुनिक खेती मेशीनबाट हुन थालेको छ । तर होइन, कागज बोल्नुपर्छ (यथास्थितिवादी मानसिकता) भन्ने सोचले काम गरिरहेको छ, फलस्वरूप सही तरीकाले कृषियोग्य जग्गाको सदुपयोग हुन सकिरहेको छैन। पश्चिमा देशहरूले भूमिलाई खेती नगरी राख्नेहरूलाई कारबाई गर्ने कानून बनाएका हुन्छन् । हाम्रो देशमा पनि त्यस्तै गर्ने भनिएको थियो तर ठूला–ठूला परिमाणका जग्गाजमीनहरू प्लटिङका लागि किनेर बाँझो राख्ने काममा जग्गाजमीनको कारोबार गर्नेहरू लागिरहेका हुन्छन् र तिनले कुनै नकुनै रूपमा सरकारमा बसेकाहरूलाई आफ्नो प्रभावमा पारिरहेका हुन्छन्। जसले गर्दा बोली र व्यवहारमा समानता पाउन सकिंदैन ।

विगत ३० वर्षमा सबैभन्दा बढी कृषि मन्त्रालयको जिम्मा मधेशी नेताहरूले नै पाएका छन् । तीमध्ये प्रायः सबै कृषक पृष्ठभूमिकै रहेका छन् तर पनि कृषि क्षेत्रको विकास नहुनु दुर्भाग्यपूर्ण हो ।

अन्य कृषि क्षेत्रभन्दा उखुबाली भिन्न प्रकृतिको हुन्छ । अन्नहरूजस्तो यसलाई भण्डारण गरेर राख्न मिल्दैन। यो नगदे बाली हो। चिनीमिलले खरीद गरेन भने सामान्य बजारमा यसको खपत सम्भव हुँदैन। उखुखेती तराईका किसानहरूका लागि सजिलो पनि छ। एक वर्ष रोपेपछि दुई–तीन वर्षसम्म पलाउने, वर्षैपिच्छे रोप्नु नपर्ने भएकोले उखु खेती गरिंदै आएको हो । उखुखेती मिलसँग समन्वयविना सम्भव हुँदैन ।

चिनीमिलले किसानहरूलाई अग्रिम ऋण दिएर प्रोत्साहित गर्ने गर्दथे तर पछिल्ला दिनमा हरेक क्षेत्रमा हुँदै आएको राजनीति यस क्षेत्रमा पनि देखापऱ्यो र मिल मालिकहरूले सरकारलाई रिझाएर किसानहरूमाथि थिचोमिचो गर्न थाले । भण्डारण गर्न नमिल्ने भएकोले किसानको बाध्यता उखु बेच्नैपर्ने हुन्छ। उनको यस बाध्यताबाट मिल मालिकहरूले फाइदा उठाउन थाले । किसानले मिलमा पुऱ्याएको उखु हप्ता दश दिनपछि मात्र तौलने, उखुको भुक्तानी समयमा नगर्ने, मूल्य आफूखुशी तोक्नेजस्ता क्रियाकलापले किसान मार्कामा पर्दै गए । उखुखेती निरुत्साहित हुँदै गयो। फलस्वरूप चिनी मिलहरू बन्द हुँदै गए। यसले गर्दा हामी पूर्णतः विदेशी चिनीमा भर पर्नुपर्ने अवस्था सिर्जना भयो ।

उखु किसानहरूले विगत वर्षहरूमा राजधानीसम्म आएर आफ्नो भुक्तानीका लागि आन्दोलनसम्म गर्नुपऱ्यो। सरकार स्वयंले मध्यस्थता गरेपछि, केही मिल मालिकले भुक्तानी दिए, तर सबै किसानले भुक्तानी पाएका छैनन्। उखुको भुक्तानीमा सरकारले दिने अनुदानमा विभेद छ । किसानहरू मूल्य निर्धारणका लागि आन्दोलित भए। सरकारले तोकेको मूल्य अनुदानसहित पनि उनीहरूको मागभन्दा कम छ। यस्ता कारणले उखुखेती सङ्कटमा पर्न गएको छ । प्रजातान्त्रिक सरकार अस्तित्वमा आएपछि विभिन्न उद्योग–धन्दा, कल–कारखाना एकपछि अर्को बन्द भएको जुन आरोप लाग्दै आएको छ, त्यसमा चिनीमिलहरू पनि पर्दछन् । वीरगंज चिनी कारखाना र रौतहटको श्रीराम सुगर मिललाई लिन सकिन्छ । सरकारले यसलाई व्यवस्थित गर्न सक्नुपर्छ र किसानहरूको मर्का बुझेर उनीहरूलाई न्याय दिलाउनसमेत सक्नुपर्दछ । यसो गर्न सकिएन भने चिनीमिल नेपालमा इतिहास बन्नेछ ।

# हिन्दुस्तान, इन्डिया र भारत

मन्तव्य



**कुमारबन्धु रुपाखेती**

**भारतीय संविधानको प्रथम अनुच्छेदमा देशको नाम इन्डिया र भारत दुवै अङ्गीकार गरिएको छ। राजनैतिक पसन्द र नापसन्दका कारण संविधानकै तौहिन गर्न मोदीहरू सक्रिय छन् । आम निर्वाचनमा मुद्दाविहीन भएपछि कट्टर राष्ट्रभक्त देखिन मोदीले भारत नामको सुगा रटाइ गर्न थालेका हुन् ।**

एकताका मोदीको मुखमा ‘मेक इन इन्डिया’ झुन्डिएको थियो । भाजपाको विपक्षी राजनैतिक दलहरूले आफ्नो गठबन्धनको नाम ‘इन्डियन नेशनल डेभलपमेन्ट इन्क्लुसिभ अलायन्स ‘INDIA’ राखेपछि मोदी एन्ड कम्पनीलाई इन्डिया नामसँग नफरत र डर लाग्न थालेको छ। त्यसैले त जी २० सम्मेलनमा उनले प्रेसिडेन्ट अफ भारत भन्दै राष्ट्रपति मुर्मुलाई र आफूलाई प्राइमिनिस्टर अफ भारत भने ।

रूस र चीनका राष्ट्रध्यक्षहरू अनुपस्थित जी २० सम्मेलनलाई विश्वले असफल भने पनि मोदी सफल भन्दै आगामी निर्वाचन प्रभावित पार्ने असफल प्रयास गर्दैछन् । जी २० सम्मेलनमा कतिपय विदेशी सहभागीहरूलाई इन्डियाको सट्टा भारत शब्द प्रयोग गरिएकोमा आश्चर्य लागेको रहेछ । विदेशमा भारत होइन, इन्डिया भनेर चिनिन्छ । त्यसो त इन्डियालाई भारत र हिन्दुस्तान पनि भनिन्छ तर दुनियाँले इन्डिया भनेरै चिन्दछ। भारत स्वतन्त्र भएको ७५ वर्ष भयो। मोदी २०१४ देखि सत्तामा छन्। अहिले आएर इन्डिया अङ्ग्रेजले दिएको नाम हो भन्ने ज्ञान प्राप्त हुनु उदेकपूर्ण छ।

वास्तवमा मोदी विपक्षी गठबन्धन इन्डियासँग डराएका हुन् र ‘हरुवा गोरुको छेरुवा दाउ’ भनेझैं भारत–भारत जप्न थालेका छन् । दुई कित्तामा विभाजित भारतका विद्वान्हरूले यति जाबो कुरामा महाभारत नै सृजना गरेका छन् ।

भारतीय संविधानको प्रथम अनुच्छेदमा देशको नाम इन्डिया र भारत दुवै अङ्गीकार गरिएको छ। राजनैतिक पसन्द र नापसन्दका कारण संविधानकै तौहिन गर्न मोदीहरू सक्रिय छन्। २०२४ मा हुने लोकसभा निर्वाचनमा मुद्दाविहीन भएपछि कट्टर राष्ट्रभक्त देखिन मोदीले भारत नामको सुगा रटाइ गर्न थालेका हुन्। इन्डिया थुप्रै धर्मावलम्बीहरूको घर हो, तर १५ प्रतिशत अन्य धर्मावलम्बीहरूबाट ८५ प्रतिशत हिन्दूहरूलाई खतरा भन्दै हास्यास्पद भाषण ठोक्न थालेका छन् । विपक्षी गठबन्धन ‘इन्डिया’लाई उनी सनातन धर्मविरोधी करार गर्न हरसम्भव प्रयत्नशील छन्। आम निर्वाचनको ठीक अघि विवादित श्रीराम मन्दिर बनाएर हिन्दू भोट तान्न भरमग्दुर प्रयास गर्दैछन्। तर इन्डियन अर्थशास्त्रीहरूका अनुसार सन् २०१४ सम्म विदेशी ऋण ५५ हजार करोड मात्र भएकोमा मोदीकालमा यो ऋण अहिले १४५ हजार करोडभन्दा माथि पुगेको छ।

साम्प्रदायिकता भड्काउन भाजपा खप्पिस मानिन्छ। गुजरातको मुख्यमन्त्री हुँदा मोदीकालमा भएको साम्प्रदायिक दङ्गा सम्झँदा मानिसको आङ सिरिङ हुन्छ ।

उता मोदी–विपक्षी गठबन्धन इन्डियाले आफ्नो नेता चयन गर्न नसकेर कमजोरी देखाएको छ। राहुल गाँधी र नीतीशकुमार गठबन्धनको मुखिया बन्न हानथाप गर्दैछन् र नीतीशकुमारलाई गठबन्धनको नेता, भावी प्रधानमन्त्री घोषणा गर्न लालूप्रसाद यादव हात धोएर लागेका छन्, किनकि नीतीशको पदोन्नति भए आफ्नो छोरालाई बिहारको मुख्यमन्त्री बनाउने लालूको दाउ छ । चुनावका बखत इन्डियामा ‘बाल का खाल’ तान्ने गरिन्छ र यो मामिलामा भाजपा माहिर छ । गेट वे अफ इन्डियालाई अचेल भारत–द्वार भनिन्छ। इन्डियामा अल्पसङ्ख्यकलाई ज्यान जोगाउन धौधौ छ, केही समय अघि मणिपुर र त्यस अघि दिल्लीमा देखिएकै हो । यस्तो लाग्छ मुस्लिम त त्यहाँका दोस्रो दर्जाका नागरिक हुन् ।

भारतीय सिनेमा जगत्ले विगतदेखि नै ‘हिन्दुस्तान, इन्डिया र भारत’ प्रयोग गर्दै आइरहेकोमा बलेको आगो ताप्दै अक्षयकुमारले आफ्नो फिल्म ‘द ग्रेट इन्डिया रेस्क्यू’ को नाम परिवर्तन गरेर ‘द ग्रेट भारत रेस्क्यू’ राखे, अमिताभ बच्चनले आफ्नो फेसबूक एकाउन्टमा ‘भारत माताकी जय’ लेखे अर्थात् आफूलाई मोदी पक्षधर साबित गरे । स्मरणीय छ अक्षयकुमार अस्ट्रेलियन नागरिक हुन् । भारतका केन्द्रीयमन्त्री अमित शाह त एक कदम अगाडि बढ्दै– ‘प्रधानमन्त्री पद पर कोइ भैकेन्सी नहीं है’ भन्दै ठाडै मोदीको पैरवी गरे। विपक्षी गठबन्धनलाई पानी र तेलको मिलन भने।

भारतीय संविधानले सर्वधर्म समभाव भन्छ तर सत्तासीन भाजपा यसको ठीक विपरीत छ । झूट बोल्न मोदी माहिर मानिन्छन्। जनकपुर आउँदा जनकपुरको विकासको लागि सय करोड दिने भाषण ठोके, जुन अहिलेसम्म उधारो छ, ‘गौतम बुद्ध भारत के हैं’ भन्न तनिक लाज मान्दैनन्। देशमा जातीयता फैलाउने तत्त्व भारतमा सत्ताभित्र र बाहिर थुप्रै छन् । चुनावको बेला मुलुकमा नफरतको माहौल बनाउने, धर्मको नाममा जहर घोल्ने तत्त्वहरू सत्ताको राप र धापमा निकै चलायमान हुन्छन् ।

तर यसपालि दुई दर्जनभन्दा बढी दलहरू महागठबन्धन बनाएर भाजपाविरुद्ध गोलबन्द भएकाले मोदी निकै अप्ठ्यारोमा छन् । सके गठबन्धन भत्काउने, नसके धर्मको नाममा अथवा साम, दाम, दण्ड, भेद प्रयोग गरेर भए पनि सत्तामा आउन भाजपा कटिबद्ध छन्। केही समय अघि ‘मोदी थर भएका सबै ठग’ भन्ने राहुल गाँधीको सांसद पद खोस्ने प्रयास भएकै हो । यही सेरोफेरोमा यता हाम्रो सीमा क्षेत्र चहार्दा मैले इन्डिया भन्ने बढी पाएँ। एउटा गीत नै छ–ये है इन्डिया, ये मेरा इन्डिया । यही इन्डिया र भारतको घरझगडामा मोदीको ‘लोटिया गोल’ हुने देखिन्छ, गेरूवा वस्त्र ध्वस्त हुने देखिन्छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## ऋणको मारमा साना उद्योगी

अहिले मुलुकभित्र क्रमशः रोजगार गुम्दै गएको अवस्था छ भने वैदेशिक रोजगारतर्फको आकर्षण बढ्दै गएको छ । फलस्वरूप मुलुकको अर्थतन्त्रमा


अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com


**उत्पादनमा जोड दिने नीति नै दिगो विकास हो, बाँकी व्यापार हो । विकासको पहिलो स्वरूप उत्पादन हो । उत्पादनका लागि उद्योग आवश्यक छ । यसले रोजगार बढाउँछ र गाउँ शहर समृद्ध बनाउन सहयोग पुऱ्याउँछ ।**

रेमिट्यान्सले २५ प्रतिशतको हाराहारी योगदान दिइरहेको छ । अस्थिरताको मारमा मुलुकका आर्थिक पक्ष पर्दैजाँदा विदेशी भूमि नेपालीको साझा गन्तव्य बन्न पुगेको छ। मुलुकभरिका सानाठूला गरी ६० हजारभन्दा बढी उद्योगले यी श्रमिकहरूलाई थाम्न सकेका छैनन् । मुलुकमा उद्योगमैत्री वातावरण तथा कृषिमा आधुनिकीकरण र संरक्षण छैन, सेवामा सन्तुष्टि छैन, ज्याला न्यून र असमान छ, आर्थिक क्षेत्रमा विविधीकरण छैन । फलस्वरूप मुलुक परनिर्भर हुँदै गएको छ। मुलुकमा नुनदेखि सुनसम्म, फालीदेखि सियोसम्म सबै वस्तु आयातमा निर्भर छ । जसकारण आत्मनिर्भरताका कुरा केवल नारामा सीमित भएका छन् । उद्यमी बन्ने र उद्यमशीलता विकास गर्ने सोच अघि बढाउन सकिने अवस्था अहिले देखिएको छैन । उद्यमशीलताले नै दिगो आर्थिक विकास, स्वाधीन अर्थतन्त्र र पूँजी निर्माण गर्ने हो । अर्थतन्त्र सबल बनाउने हो । तर, अहिलेको परिस्थितिमा उद्यमशीलता नै सिर्जना हुन सकेको छैन । यसले उत्पादनदेखि दिगो विकास र दीर्घकालीन लक्ष्यमा समेत प्रभाव पार्ने देखिन्छ। यसो हुँदा आन्तरिकरूपमा रोजगारसमेत सिर्जना हुने छैन। भएकै रोजगारसमेत गुमिरहेको वा गुम्ने जोखिम बढ्न सक्ने अवस्था आउन सक्छ।

नेपालमा अधिकांश साना तथा मझौला उद्योग व्यक्ति वा परिवारले एकल ढङ्गले सञ्चालन गर्दै आएका छन् भने साना तथा मझौला उद्योग विभिन्न कालखण्डमा अप्ठ्यारो अवस्थाबाट गुज्रँदै आएका छन् । ती उद्योगहरूले घाटा बेहोर्नुपर्ने एवं दिइएको ऋण निर्धारित समयमा तिर्न नसक्ने अवस्था उत्पन्न भएको छ । नेपाल सरकारले विभिन्न समयमा सहुलियत कर्जा पनि दिंदै आएको छ तर सम्बन्धित व्यक्तिले नपाएको गुनासाहरू आएका छन्। सहुलियतपूर्ण कर्जा पाउन त्यति सहज छैन । आफूसँग धितो छैन भने बैंकले सजिलै पत्याउँदैन। सहुलियतपूर्ण कर्जा पाउनुपर्ने मानिससम्म सूचना पुगे/नपुगेको वित्तीय संस्थाहरूका लागि त्यति महत्त्वको कुरा नबन्न सक्छ तर सम्बन्धित व्यक्तिका लागि त्यो अति महत्त्वपूर्ण विषय हो । कस्तो खालको कर्जा कहाँबाट, कति ब्याजदरमा लिन सकिन्छ भन्ने जानकारी दूरदराजका मानिसमा नहुनु स्वाभाविकै हो। बैंकहरूले पनि समयमा उनीहरूका लागि सही सूचना प्रदान गर्न नसक्नुलाई ठूलो समस्याका रूपमा लिइन्छ । विशेष गरेर बैंकहरू शहरी क्षेत्रमा हुने र अति विपन्न तथा ती मानिस जसले सहुलियतपूर्ण कर्जा लिनुपर्नेछ, तिनको बसाइ दूरदराजका गाउँतिर हुने भएकाले उनीहरूले समयमा सूचना नपाउने र ऋण नपाउने अवस्था रहेको देखिन्छ । बैंकहरूले आफूपायक पर्ने, चिनेजानेका र जहाँबाट सहज ढङ्गले ऋण असुली हुन सक्छ, त्यसमा पनि पुराना ऋणीलाई बढी सहुलियतपूर्ण कर्जा सहयोग गर्ने अभ्यास भएको पाइएको छ। ऋण लिने आवेदन प्रक्रिया पनि लामा र झन्झटिला छन्। ब्याजदर पनि बैंकपिच्छे फरक हुनु राम्रो पक्ष होइन। नयाँ स्थापना भएका साना तथा मझौला उद्यमीलाई ऋण पाउनका लागि अथवा सहुलियतपूर्ण कर्जा पाउन धेरै कठिनाइ बेहोर्नुपर्ने अवस्था देखिएको छ ।

एकातिर ऋण लिन जति कठिन छ, त्योभन्दा बढी हाल नेपाली समाजमा ऋण तिर्न नसकेका घटना धेरै छन् । ऋण मिनाहाका माग पनि जबरजस्त ढङ्गले उठिरहेका छन्। कुन चाहिं ऋण मिनाहा गर्ने ? अर्थात् कसले कसलाई प्रदान गरेको ऋण मिनाहा गर्ने र किन गर्ने ? जस्तो कि उद्योगधन्दा सञ्चालन गर्न लिएको ऋण, शिक्षाका लागि लिएको ऋण अथवा व्यापार सञ्चालनमा घाटा पूर्तिका लागि लिएको ऋण वा कस्तो ऋण मिनाहा गर्नुपर्ने ? वित्तीय संस्था अन्तर्गत पनि कुन वित्तीय संस्था अन्तर्गतका ऋण मिनाहा गर्नुपर्छ ? वाणिज्य बैंकहरूले प्रदान गरेको ऋण अथवा सहकारी वा वित्तीय संस्थाहरूले प्रदान गरेको ऋण ? यो महत्त्वपूर्ण प्रश्न हो र यसको निदान त्यति सहज पक्कै पनि छैन। बैंकलगायत सबै वित्तीय संस्था घाटाको व्यापार गर्न चाहँदैनन् । विनाधितो ऋण दिनु उनीहरूलाई त्यति सहज छैन । राम्रो ढङ्गले व्यापार व्यवसाय नचल्दा र विभिन्न सामाजिक कारणले गर्दा उनीहरूले समयमा इन्स्टलमेन्ट तिर्न नसक्नु एउटा महत्त्वपूर्ण चुनौती रहेको छ। यसलाई ध्यानमा राख्दै केही बैंकले आफ्ना नियमित ऋणीलाई नै ऋण प्रदान गर्ने र सो ऋण पुरानो ऋण तिर्न प्रयोग गर्ने/गराउने गरेको पाइएको छ। यसले गर्दा लिइएको ऋण उद्देश्य अनुसार प्रयोग हुन नसक्ने र जसले गर्दा सम्बन्धित व्यक्तिलाई ऋण तिर्न कठिन हुँदै गएको छ।

सहुलियतपूर्ण कर्जा वाणिज्य बैंकहरूका लागि चुनौतीपूर्ण काम हो । स्थानीय तहसँग सहकार्य र ग्यारेन्टीमा ऋण प्रवाह गर्ने हो भने ऋणको सदुपयोग र समयमा ऋण भुक्तानीमा कुनै समस्या नरहने देखिन्छ । साना तथा मझौला उद्यमीमा वित्तीय साक्षरताको उत्तिकै आवश्यकता हुन्छ। स्थानीय तहलाई पनि वित्तीय साक्षरता अभियानमा सहभागी गराउन आवश्यक छ। साना तथा मझौला उद्यमीका समस्या हुन सक्छन्। जस्तो– कर्मचारीमा क्षमताको कमी, समयमा अडिटिङ गराउन नसक्नु, खातापाता र हरहिसाब चुस्तदुरूस्त राख्न नसक्नु आदि। यस्ता समस्या न्यूनीकरणका लागि वित्तीय संस्थाले उनीहरूलाई सहयोग पुऱ्याउन आवश्यक हुन सक्छ । यसरी उद्यमशीलता मर्न थाल्नु र उद्यमीको मनोबल गिर्नु सबल अर्थतन्त्रका चुनौती हुन्। त्यसैले उत्पादकत्व बढाउन स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहित गर्नैपर्दछ । यसका साथै वैदेशिक रोजगारमा देखिएको आकर्षणलाई विकर्षणमा बदल्न 'एक घर एक उद्योग'को नीतिलाई अभियानकै रूपमा अगाडि बढाएर युवालाई गाउँमैं बस्ने र गरीखाने वातावरण सिर्जना गर्नु सरकारको प्रमुख कार्यभार हुनुपर्दछ । मुलुकको विकास र समृद्धिका लागि सरकारले चारवटा काम गर्नु आवश्यक छ– (१) औद्योगिक नीतिले केही प्रमुख क्षेत्रहरूमा ध्यान केन्द्रित गर्नुपर्छ, (२) व्यापार सिन्डिकेट भत्काउनुपर्छ, (३) उत्पादकत्व बढाउन विदेशी लगानी प्रोत्साहित गर्नुपर्छ र (४) विकासमा निजी क्षेत्रको भूमिकाबारे मानसिकता बदल्नुपर्छ। यसको शुरूआत राजनीतिकर्मीहरूबाटै हुनुपर्छ।

नेपालमा प्रविधि कम प्रयोग हुने उद्योगको व्यापकता छ। सबैभन्दा पछिल्लो तथ्याङ्क अनुसार, ९५ प्रतिशत रोजगार यस्तै कम प्रविधि भएका सेक्टरहरूमा सिर्जना भएका छन्। हामी नेपालीले कम तथा मध्यम प्रविधियुक्त यस्ता क्षेत्रहरू विस्तार गर्न सक्यौं भने कम सीप भएका धेरै कामदारलाई रोजगार दिन सक्छौं। तर हाम्रो उद्योग/निर्माण क्षेत्रले पर्याप्त रोजगार सिर्जना गर्न सकेका छैनन् । अहिले स्वदेशी उद्योग होइन्, विदेशी उद्योगले स्थान लिन थालेको अवस्था छ। डलर भित्रिनुभन्दा बाहिर जाने क्रम बढ्दै गएको छ । त्यसैले उच्च आर्थिक वृद्धि दर हासिल गर्न तथा सबल र स्वाधीन अर्थतन्त्र निर्माणका लागि स्वदेशमैं उद्योग स्थापना र उत्पादन बढाउन सक्नुपर्दछ। मुलुकको उत्पादन अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने दायित्व सरकारको हो। विकास, समृद्धि, सुशासन, सामाजिक मर्यादा कायम राख्न राजनीतिक नेतृत्वमा ऊर्जा, निष्ठा, दृष्टि, बौद्धिकता, रचनात्मकता, क्रियाशीलता र मौलिकता हुनु अपरिहार्य छ । अनावश्यक खर्च गर्नुभन्दा कृषि, पूर्वाधार, जनतालाई प्रत्यक्ष आम्दानी हुने उत्पादनमूलक क्षेत्रमा लगानी गर्नु आजको पहिलो आवश्यकता हो ।

उत्पादनमा जोड दिने नीति नै दिगो विकास हो, बाँकी सबै व्यापार हो । विकासको पहिलो स्वरूप उत्पादन हो । उत्पादनका लागि उद्योग आवश्यक छ। यसले रोजगार बढाउँछ र गाउँ शहर समृद्ध बनाउन सहयोग पुऱ्याउँछ। गाउँ–शहर समृद्ध भए मात्र समग्र मुलुकको दिगो विकास सम्भव हुन्छ। त्यसैले विदेशी उत्पादनको प्रयोगमा कमी ल्याउँदै स्वदेशी उत्पादन, सीप र सम्भावनाको बजारीकरण अहिलेको आवश्यकता हो। त्यसैले मुलुकमा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने हो भने साना तथा मझौला उद्योगले लिएको ऋण व्यवस्थित गर्दै यसको प्रवर्द्धनमा सहयोग गर्नुपर्ने हुन्छ । यसका लागि स्थानीय उत्पादन बढाउने कार्यलाई विशेष प्राथमिकता दिनुपर्दछ । यसका साथै साना तथा मझौला उद्योग प्रवर्द्धन र उद्यमशीलताको माध्यमबाट रोजगार सिर्जना गरी समतामूलक एवं दिगो आर्थिक विकास सरकारको प्रमुख कार्यभार हुनुपर्दछ ।

**बितेको शुक्रवार २०८० मङ्सिर २९ प्रतीकको यसै पृष्ठमा प्रकाशित विश्वराज अधिकारीको लेखको शीर्षक 'नेपालमा भ्रष्टाचार किन र कसरी हुन्छ ?' हुनुपर्नेमा अन्यथा भएकोले सच्याइ पढ्न अनुरोध छ । –सम्पादक**

## ६३ लाख बढीको खुद्रा सामान र प्याज बरामद

प्रस, वीरगंज, ५ पुस/

जिल्ला प्रहरी कार्यालय बारा अन्तर्गतका युनिटहरूले गएराति यात्रुवाहक बसहरूबाट ६३ लाखभन्दा बढीका खुद्रा सामान र प्याज बरामद गरेका छन्।

जिप्रका, बाराका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानले इलाका प्रहरी कार्यालय, जीतपुर, अमलेखगंज र प्रहरी चौकी, परवानीपुरले बिलबीजक नभएका सामानहरू नियन्त्रणमा लिएको बताए। उनले आधा दर्जन यात्रुवाहक बसको चेकजाँच गर्दा करीब १५ सय किलो बढी प्याज बरामद भएको बताए। यात्रुवाहक बस भएकोले सामानहरू नियन्त्रणमा लिएर बसलाई गन्तव्यतर्फ जान दिएको सूचना अधिकारी न्यौपानेले बताए।

## रेड कर्नर नोटिस जारी गरिएका चारजना विदेशबाट पक्राउ

काठमाडौं, ५ पुस/रासस

नेपाल प्रहरीले एक हप्ताको अवधिमा इन्टरपोलबाट रेड कर्नर नोटिस जारी भई फरार रहेका चारजनालाई विदेशबाट पक्राउ गरी नेपाल ल्याएको छ।




प्रहरीले इन्टरपोल तथा विभिन्न सदस्य राष्ट्रको समन्वयमा विभिन्न मुद्दामा इन्टरपोल महासचिवालयबाट रेड नोटिस जारी भएका उनीहरूलाई नेपाल ल्याएको हो। प्रहरी नायब महानिरीक्षक कुबेर कडायतका अनुसार युनाइटेड अरब इमिरेट्स (युएई)को दुबईबाट तीन तथा कुवेतबाट एकजनालाई नेपाल ल्याइएको हो । विद्युतीय कारोबारको कसूरमा इन्टरपोलबाट रेड नोटिस जारी भई फरार रहेका प्यूठानको सरुमारानी गाउँपालिका–१ का ३३ वर्षीय सगीर अहमदलाई पक्राउ गरी बुधवार नेपाल ल्याइएको हो।

यसअघि स्याङजाको वालिङ नगरपालिका–११ भोर्लेका ३५ वर्षीय यामबहादुर बुढाथोकी, काभ्रेपलाञ्चोकको चौरीदेउराली गाउँपालिका–८ का ३१ वर्षीय उमेश लामा र सर्लाहीको जानकीनगरका कोमलराज उपाध्यायलाई पक्राउ गरी नेपाल ल्याएको प्रहरी नायब महानिरीक्षक कडायतले बताए।

### उक्साए 'आणविक हमला' ...

सबैभन्दा शक्तिशाली अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र ह्वासोङ–१८ प्रक्षेपण गरेको थियो र पछि यसलाई वाशिङ्टन र उसका सहयोगीहरूको निरन्तरको 'सैन्य खतरा'को रक्षाका लागि गरिएको बताएको थियो।

गत हप्ता दक्षिण कोरियाको बन्दरगाह शहर बुसानमा अमेरिकी आणविक शक्तिसम्पन्न पनडुब्बी पुगेको थियो र बुधवार वाशिङ्टनले सियोल र टोकियोसँग भएको अभ्यासमा आफ्ना लामो दूरीका बमवर्षक विमान उडाएको थियो।

उत्तर कोरियाले हालै 'कोरियाली प्रायद्वीप कानून अनुसार युद्धको अवस्थामा रहेको र वाशिङ्टनले दक्षिणमा तैनाथ गरेको 'रणनीतिक सम्पत्ति' विनाशको पहिलो निशाना हुने बताएको छ।

गत अक्टोबरमा सियोल, टोकियो र वाशिङ्टनको पहिलो संयुक्त हवाई अभ्यासमा आणविक हतियार बोक्न सक्ने अमेरिकी बी–५२ बमवर्षक विमानले भाग लिएपछि प्योङयाङले उक्त अभ्यासलाई 'अमेरिकाको जानाजानी आणविक युद्ध उत्तेजक कदम' भनेको थियो।

प्योङयाङले संयुक्त राज्य अमेरिका र उसका सहयोगीहरूको अभ्यासलाई आक्रमणको पूर्वाभ्यासको रूपमा हेर्छ र लामो समयदेखि क्षेप्यास्त्र प्रक्षेपणलाई आवश्यक 'प्रतिकार'को रूपमा न्यायोचित ठहऱ्याउँदै आएको छ।

प्योङयाङले गत वर्ष आफूलाई 'अपरिवर्तनीय' आणविक शक्ति घोषणा गरेर आफ्नो आणविक कार्यक्रम कहिल्यै नछोड्ने बताएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – बेचैनी |
| मिथुन – मनोरञ्जन | कर्कट – कर्मप्राप्ति |
| सिंह – प्रगति | कन्या – वादविवाद |
| तुला – यात्रालाभ | वृश्चिक – कडापरिश्रम |
| धनु – ज्ञानोदय | मकर – उदरपीडा |
| कुम्भ – विजय | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

## दीर्घरोगीलाई एकैपटक तीन महीनाको औषधि

चितवन, ५ पुस/रासस

भरतपुर अस्पतालले स्वास्थ्य बीमा बोर्डको निर्णय अनुसार दीर्घरोगीलाई एकैपटक तीन महीनाको औषधि दिन शुरू गरेको छ । अस्पतालमा स्वास्थ्य बीमाको सुविधाबाट लामो समय औषधि खानेलाई तीन महीनाको औषधि एकैपटक दिने व्यवस्था गरिएको हो।




अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा श्रीराम तिवारीले स्वास्थ्य बीमा बोर्डको पत्र अनुसार बीमा कार्यक्रममार्फत सेवा लिनेलाई विगतमा एक महीनाको औषधि दिने गरिएकोमा पुस ४ गतेदेखि आवश्यकता अनुसार तीन महीनासम्मको औषधि दिने व्यवस्था मिलाइएको बताए। उनका अनुसार उच्च रक्तचाप, मधुमेह, हाइपरटेन्सन, थाइराइडजस्ता दीर्घरोगको औषधि नियमित खानुपर्ने बिरामीलाई यस अघि एकपटकमा एक महीनाका लागि चिकित्सकले औषधि दिंदै आएकोमा अब तीन महीनाको लागि दिने व्यवस्था गरिएको छ।

नियमित औषधि सेवन गर्नेले बहिरङ्ग सेवाको टिकट लिएर चिकित्सकलाई देखाएपछि मात्रै औषधि खरीद गर्न पाउँछन् । यसले अत्यधिक भीड हुने गुनासो आएको थियो। स्वास्थ्य बीमाका बिरामीलाई लक्षित गरेर अस्पतालले रिफिल काउन्टर सञ्चालन गरेको छ। अस्पतालमा बिरामीको चाप अत्यधिक भएका कारण बीमाबाट नियमित औषधि लिनुपर्ने बिरामीलाई लक्षित रिफिल काउन्टर सञ्चालन गरिएको डा तिवारीले बताए।

रिफिल काउन्टर बिहान ७ देखि १० बजेसम्म खुल्ने मेसु तिवारीले जानकारी दिए।

यसबाट धेरै बिरामी बीमाबाट औषधि लिनकै लागि भीडभाडमा बस्नुपर्ने बाध्यताको अन्त्य भएको उनले बताए। अस्पतालले एकपटक सिफारिश भइआएका सेवाग्राहीलाई सोही रोगको फलोअप गर्दा पुनः सिफारिश नचाहिने जानकारी गराएको छ। यस अघि पुनः परीक्षणका लागि आउँदा सिफारिश लिएर आउनुपर्ने व्यवस्था थियो।

भरतपुर अस्पतालमा दैनिक तीन हजार हाराहारी बिरामी बहिरङ्ग सेवामा आउने गर्दछन् । तीमध्ये ७० प्रतिशत स्वास्थ्य बीमामार्फत उपचार गराउने हुने गरेका छन्।




## अन्तर्राष्ट्रिय समाचार

# उक्साए 'आणविक हमला' गर्न नहच्कने' उत्तर कोरियाली नेता किमको चेतावनी

सियोल, ५ पुस/सिन्ह्वा

उत्तर कोरियाले शत्रुले आणविक अस्त्रले उक्साएमा आफूले पनि आणविक अस्त्र प्रयोग गर्ने चेतावनी दिएको छ।



त्तर कोरियाली नेता किम जोङ उन। तस्वीरः सिन्ह्वा

प्योङयाङलाई 'आणविक हतियारले उक्साएमा' आणविक आक्रमण गर्न नहच्किने उत्तर कोरियाली नेता किम जोङ उनले बताएका हुन्।

यद्यपि सियोल र उसका सहयोगीले 'विनाशर्त वार्ता' गर्न उत्तर कोरियालाई आह्वान गरेका छन्। गत साता वाशिङ्टनमा दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाबीच भएको बैठकपछि किमले यस्तो चेतावनी दिएका हुन्।

बैठकको कार्यसूचीमा 'आणविक र रणनीतिक योजना' समावेश गरिएको थियो र सहयोगीहरूले संयुक्त राज्य अमेरिका वा दक्षिण कोरियामाथि प्योङयाङले गरेको कुनै पनि आणविक आक्रमणले उत्तर कोरियाली शासनको अन्त्य हुने कुरा दोहोऱ्याएका थिए।

तर किमले आफ्नो सेनाको क्षेप्यास्त्र ब्युरोलाई 'शत्रुले आणविक हतियारले उक्साएमा आणविक आक्रमण गर्न समेत नहच्कने' भनेको प्योङयाङको कोरियाली केन्द्रीय समाचार संस्था (केसिएनए)ले बिहीवार जनाएको छ।

त्यसको केही समयपछि वाशिङ्टन, सियोल र टोकियोले वक्तव्य जारी गर्दै आणविक शक्तिसम्पन्न मुलुकलाई 'थप उक्साहट नगर्न र विनापूर्व शर्त ठोस वार्तामा संलग्न हुने आह्वानलाई स्वीकार गर्न' आग्रह गरेका थिए।

यस वर्ष प्योङयाङले गरेको हतियार परीक्षणको कीर्तिमानी शृङ्खलाको सामना गर्दै तीनै देशले प्रतिरक्षा सहयोग बढाएका छन् र मङ्गलवार उत्तर कोरियाली क्षेप्यास्त्र प्रक्षेपणको वास्तविक समयको तथ्याङ्क सार्वजनिक गर्ने प्रणाली सक्रिय गरेका छन्।

उत्तर कोरियाले सोमवार आफ्नो

(बाँकी तेस्रो पातामा)

# मधेस प्रदेशलाई किशोरीमैत्री बनाउँछु–मन्त्री सिंह

प्रस, वीरगंज, ५ पुस/

मधेस प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री वीरेन्द्रप्रसाद सिंहले





मधेस प्रदेशलाई किशोरीमैत्री बनाउने बताएका छन्।

'म बालिका हुँ, दुलही होइन' अभियान अन्तर्गत पर्सागढी नगरपालिकाका सामुदायिक विद्यालयका छात्राहरूको आग्रह स्वीकार गर्दै बिहीवार साथी बनेका मन्त्री सिंहले मधेस प्रदेशमा बालिका तथा किशोरीहरूले भोग्नुपर्ने सामाजिक, मानसिक साथै यौन तथा प्रजनन स्वास्थ्यका समस्याहरूलाई निराकरण गर्न आफू शुरूदेखि लागिपरेको बताए।

महिलाहरूको लागि विभिन्न किसिमका स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालनमा रहेको र आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जाहेर गरे।

मधेस प्रदेशमा विकराल रूप लिएको रूढिवादी कुसंस्कारविरुद्ध पर्सागढी नपाका सामुदायिक विद्यालयमा अध्ययनरत ११० जना किशोरीले भिजन क्लब गठन गरेर विद्यालयस्तरमा महीनावारी स्वच्छता, यौन तथा प्रजनन स्वास्थ्य र अधिकार, बालविवाह न्यूनीकरण, बाल सहभागिता जस्ता विषयमा छलफल चलाउँदै महिलाहरूमा जागरूकता फैलाइरहेका छन्। उनीहरूलाई एकीकृत ग्रामीण स्वास्थ्य विकास तालीम केन्द्रले चेतनासँगै क्षमता विकासका लागि विभिन्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दै आएको छ।

किशोरीहरूले मात्र बोलेर नगर र समग्र प्रदेश किशोरीमैत्री नहुने भन्दै यसका लागि जनप्रतिनिधिसहित सरोकारवाला निकायका प्रतिनिधि सबैलाई साथी बनाएर एकीकृत पहलकदमी लिन यो उपाय अपनाइएको भिजन क्लबकी मधु यादवले बताइन्।

## सच्याइएको

२०८० पुस १ गते सोमवार अन्तिम पृष्ठमा प्रकाशित 'लायन्स मार्गको उद्घाटन' समाचारमा 'लायन्स क्लब वीरगंजको स्वर्ण जयन्तीको अवसरमा वीरगंज महानगर–४ पुरानो भगवती राइस मिल सडकलाई आजदेखि लायन्स मार्ग नामकरण गरिएको हो,' हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।


## ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.शा.का.पोखरियाका ऋणीहरू

ऋणीको नाम : उषा कुमारी देवी
लिङ्ग : महिला
नाप्रपनं. : ३४३०५२/२७४, वडा नं.१०
जारी मिति र जिल्ला : २०६३/१२/१३, पर्सा
स्थायी ठेगाना : मसिहानी–५, ,
हालको ठेगाना : पोखरिया, सिबरवा
पति : चोकट राउत कुर्मी
पिता : जोखु राउत कुर्मी
ससुराः बाबूलाल राउत कुर्मी
**व्यक्तिगत जमानीकर्ताको विवरण**
नाम : चोकट राउत कुर्मी
लिङ्ग : पुरुष
हालको ठेगाना : पोखरिया–१०, सिबरबा
पिता : स्वा.जगदीश तिवारी
ससुरा : स्वा. यमुना पाण्डे

ऋणीको नाम : सुमित्रा देवी तिवारी
लिङ्ग : महिला
नाप्रपनं. : ३४३०७३/२११, वडा नं.१०
जारी मिति र जिल्ला : २०३६/०२/११ पर्सा
स्थायी ठेगाना : सिबरबा–१, ,
हालको ठेगाना : पोखरिया, सिबरवा
पति : प्रभु तिवारी
पिता : स्वा. यमुना पाण्डे
ससुराः स्वा.जगदीश तिवारी
**व्यक्तिगत जमानीकर्ताको विवरण**
नाम : प्रभु तिवारी, लिङ्ग : पुरुष
हालको ठेगाना : जगरनाथपुर–४
पिता : धर्मेन्द्र साह तेली

## भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

यस बैंकको तपसीलका कार्यालयहरूबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाइ भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लिखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिंदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने बेहोरासमेत जानकारी गराउँछौं। साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

**सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय, सिमरा, बारा।**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | ठेगाना | मिसिल नं. | उद्देश्य | साँवा रकम रु | २०८० मंसिर मसान्तसम्मको ब्याज रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कलिमा खातुन | अरसाद मियाँ अन्सारी | रहिम अन्सारी | मनहर्वा–५, बारा | ४५७६ | सरल कृषि कर्जा | १००,०००.०० | ४,२०७.८० | १०४,२०७.८० |
| २ | फिरत साह कानू | गङ्गा साह कानू | कालीचरण साह कानू | जीतपुरसिमरा–८, गम्मरगावा, बारा | ६००२ | सरल कृषि कर्जा | ७५०,०००.०० | ३१,१०१.२२ | ७८१,१०१.२२ |
| ३ | सलाउद्दीन मियाँ | सलिम मियाँ | सकञ्चन मियाँ | जीतपुरसिमरा–११, अमाडार, बारा | ८७० | सरल कृषि कर्जा | १२७,५२५.४२ | ५,४७५.५३ | १३३,०००.९५ |
| ४ | रामसती देवी कोइरिन | मोहनप्रसाद कुशवाहा | लक्ष्मन महतो | जीतपुरसिमरा–१९, इनर्वासिरा, बारा | ४३२३ | सरल कृषि कर्जा | १६७,१६६.६६ | ७,६५६.०२ | १७४,८२२.६८ |
| ५ | तुलसी एकीकृत कृषि फर्म प्रो तुलसी महतो | रामप्रसाद खुलवट | प्रेम महतो खुलवट | परवानीपुर–२, रामपुर टोकनी, बारा | ६०५४ | सरल कृषि कर्जा | १,२३२,१७९.३४ | ५६,२४४.०६ | १,२८८,४२३.४० |
| ६ | नन्दलालराउत अहिर | गोकुलराउत अहिर | नकछेद राउत अहिर | जीतपुरसिमरा–२०, बसडिलवा, बारा | ४८५८ | सरल कृषि कर्जा | १२२,८९९.१६ | ७,१६०.५९ | १३०,०५९.७५ |
| ७ | रामदेव चौधरी | मणि चौधरी | झगरु चौधरी | जीतपुरसिमरा–१९, इनर्वासिरा, बारा | ४४४७ | घरायसी कर्जा | ३००,०००.०० | १८,५९२.९७ | ३१८,५९२.९७ |
| ८ | फेकु महतो धानुक | भोला महतो धानुक | बालगोविन्द महतो | जीतपुरसिमरा–१०, बलुवाबेहरा, बारा | ४०४४ | सरल कृषि कर्जा | १००,०००.०० | ५,१८९.८७ | १०५,१८९.८७ |

**सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय, श्रीपुर, वीरगंज, पर्सा।**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | ठेगाना | मिसिल नं. | उद्देश्य | साँवा रकम रु | २०८० मंसिर मसान्तसम्मको ब्याज रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मुस्तफा नेतुवा | दशैं मियाँ | कुबानी मियाँ | बिरुवागुठी–२ | ११४७४ | सरल कृषि कर्जा | ९००,०००.०० | ३८,१२१.३४ | ९३८,१२१.३४ |
| २ | शिउरतिया कुर्मिन | रामप्रसाद कुर्मी | रञ्जनराउत कुर्मी | भवानीपुर–४ | १४००३ | सरल कृषि कर्जा | ९५०,०००.०० | ३४,६०४.८३ | ९८४,६०४.८३ |
| ३ | कमलादेवी थरुनी | लक्ष्मन चौधरी | | पटेर्वासुगौली–५ | १४०६३ | घरायसी कर्जा | ९००,०००.०० | ४४,६४४.६६ | ९४४,६४४.६६ |

**सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय, पोखरिया, पर्सा।**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | ठेगाना | मिसिल नं. | उद्देश्य | साँवा रकम रु | २०८० मंसिर मसान्तसम्मको ब्याज रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | महेन्द्र प्रसाद महतो कोइरी | शंकर महतो कोईरी | नकछेद महतो कोईरी | लहावरथकरी ५ | ३९०४ | घरायसी कर्जा | ५००,०००.०० | २४,६६९.८८ | ५२४,६६९.८८ |
| २ | कोशिला देवी | शिव प्रसाद साह रौनियार | महाबिर साह रौनियार | पोखरीया २ | ४५०८ | घरायसी कर्जा | ४००,०००.०० | १४,८९३.९७ | ४१४,८९३.९७ |
| ३ | भिखारी राउत अहिर | हर्षित राउत | रोशन राउत | बैरियाबिर्ता ४ | ४८५४ | सरल कृषि कर्जा | १२०,०००.०० | ४,८३५.४९ | १२४,८३५.४९ |
| ४ | कौशिलिया देवी | नागा साह तेली | मथुरा साह तेली | बिन्दबासनी ५ | ५१८१ | सरल कृषि कर्जा | १००,०००.०० | ४,४५७.०५ | १०४,४५७.०५ |
| ५ | ठगिया देवी | रमेश महतो चाई | पारस महतो चाई | बिरन्चीवर्वा ६ | ५३०३ | सरल कृषि कर्जा | २००,०००.०० | ८,९६१.४८ | २०८,९६१.४८ |

**सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय सखुवाप्रसौनी (देवरवाना), पर्सा।**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | ठेगाना | मिसिल नं. | उद्देश्य | साँवा रकम रु | २०८० मंसिर मसान्तसम्मको ब्याज रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | राम आग्ना राउत अहिर | मंसी राउत अहीर | | मसीहानी ८ पर्सा | ४०९१ | घरायसी कर्जा | ३००,०००.०० | १४,००७.४३ | ३१४,००७.४३ |
| २ | तारामुनी देवी | मोती राउत गढी | गुलीअर राउत गढी | सोनवर्षा ४ पर्सा | ४१३० | घरायसी कर्जा | १५०,०००.०० | ६,६७७.९० | १५६,६७७.९० |
| ३ | राधिका कनुइन | रामधरी साह कानु | लालजी साह कानु | सखुवाप्रसौनी ६ पर्सा | ३७६७ | सरल कृषि कर्जा | २९१,७१०.८४ | २,७६८.४५ | २९४,४७९.२९ |
| ४ | श्याम सुन्दर थारु | बासुदास थारु | गयादास थारु | सखुवाप्रसौनी २ पर्सा | ४७५८ | सरल कृषि कर्जा | ४४३,४०४.०९ | ४,५०८.६१ | ४४७,९१२.७० |
| ५ | बलराम कृषि फर्म प्रो. यशोधा देवी कार्की | ऋषि बहादुर कार्की | जगत बहादुर कार्की | ठोरी ०२, पर्सा | ४९९५ | सहुलियतपूर्ण कर्जा | ३९५,४२१.८५ | २,०८०.३५ | ३९७,५०२.२० |

**कृषि विकास बैंक लि.**, प्रदेश कार्यालय, वीरगंज


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**
चिकित्सकको नाम सम्पर्क नं. आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की–१०
३. डा. आनन्दकुमार झा ०५१–५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**
१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

**फिजिसियन**
१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**
१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**
डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**
डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**
डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**
डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**
**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# पर्सागढी नगरपालिकामा पनि खुल्यो जङ्गल रिसोर्ट

बलिराम शुक्ल, बिरुवागुठी, ५ पुस/

पर्सागढी नगरपालिकामा सुविधासम्पन्न जङ्गल रिसोर्ट सञ्चालनमा आएको छ ।

पर्सागढी नगरपालिका–३ झाब्राहामा दुई सातादेखि इन्दु जङ्गल रिसोर्ट सञ्चालनमा आएको हो । २१ जनाको लगानी रहेको यो रिसोर्ट जीतपुरदेखि पश्चिम सात किलोमिटर दूरीमा छ । एक बिघा क्षेत्रफलमा करीब रु छ करोडको लागतमा रिसोर्ट तयार भएको अध्यक्ष वीरेन्द्रलाल नेपालीले बताए । उनी पुराना राजनीतिकर्मी हुन् । उनले सात वर्ष लगाएर रिसोर्ट तयार भएको र तत्काल १५ जनाले प्रत्यक्ष रोजगार पाएको बताए ।

रिसोर्टमा अहिले एकपटकमा ५० जनासम्म बास बस्न सक्ने व्यवस्था रहेको उनले बताए । रिसोर्टमा १७ वटा डिलक्स सयनकक्ष रहेको छ । तालीम, गोष्ठी, बैठक आदिका लागि १५० जना अट्ने हल पनि रहेको उनले बताए । रिसोर्टमा स्वीमिङपुल पनि रहेको र विवाह, व्रतबन्धलगायतका शुभ कार्य गर्नको लागि पनि व्यवस्था मिलाइएको अध्यक्ष नेपालीले बताए ।

उनले रिसोर्टबाट जङ्गल क्षेत्र र त्यस क्षेत्रका प्रमुख धार्मिक शक्तिपीठहरू आमोदेवी र कोइलाभारमाई, ऐतिहासिक युद्धस्थल पर्सागढी, पर्सा राष्ट्रिय निकुञ्ज र राष्ट्रिय वन नजीक रहेको बताए । उनले रिसोर्ट कोलाहल क्षेत्रभन्दा बाहिर भएकोले यहाँ आउने पर्यटकहरू रमाएर फर्कने आफूले विश्वास लिएको बताए ।

उनले रिसोर्ट सञ्चालनमा आएपछि आन्तरिक तथा बाह्य पर्यटकहरू भित्रिने र पर्सागढीको पहिचान बढ्नुको साथै रोजगारको अवसर सिर्जना हुने बताए । वीरगंज र आसपास बारा, रौतहट, मकवानपुर र छिमेकी भारतसम्मका पर्यटकहरूको प्रमुख गन्तव्य अहिलेसम्म चितवनको सौराहा रहँदै आएकोमा पर्सामा पनि पर्यटक भित्र्याउने र यहाँको वातावरणमा रमाउने अवसर प्रदान गर्न रिसोर्ट सफल हुने उनले बताए ।

पर्साको ठोरीमा यसअघि ठोरी जङ्गल रिसोर्ट सञ्चालनमा आएको थियो भने इन्दु जङ्गल रिसोर्ट दोस्रो हो ।

ठोरी र सुवर्णपुरमा धेरै वर्षदेखि होमस्टे पनि सञ्चालनमा छन् । कम खर्चमा होमस्टेको आनन्द लिन सकिने भएकोले सुवर्णपुरको होमस्टेमा आन्तरिक तथा बाह्य पर्यटकहरूको आउजाउ बढ्दैछ ।


तस्वीरः प्रतीक


विद्युत चुहावटको कसूरमा पक्राउ परेकाहरू । तस्वीरः प्रतीक

## विद्युत् चुहावट कसूरमा नौजना पक्राउ

प्रस, पंचगावाँ, ५ पुस/

नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रले विद्युत् चुहावट गरेको कसूरमा नौजनालाई गएराति पक्राउ गरेको छ ।

पोखरिया वितरण केन्द्र, इलाका प्रहरी कार्यालय पोखरिया र सशस्त्र प्रहरी बलको संयुक्त टोलीले सो क्षेत्र अन्तर्गतका जगरनाथपुर, छिपहरमाई, कालिकामाई गापाबाट डाइरेक्ट हुकिङ गरेर विद्युत् चुहावट गर्ने नौजना मानिससहित टिभी दुई थान र पानी तान्ने मोटर एक थान बरामद भएको नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रले जनाएको छ ।

पक्राउ परेकामध्ये आठजना रु ६३ हजार जरिवाना तिरेर थुनामुक्त भएका र एकजनाले जरिवाना तिर्न नसक्दा इप्रका, पोखरियाको थुनामा राखिएको छ ।




# खेलकूदको संसार

## मेयरकप टी-२० क्रिकेट : सखुवाप्रसौनी विजयी

दिनेश मिश्र, वीरगंज, ५ पुस/

पोखरिया नगरपालिका–६ को शेरा खेलमैदानमा जारी पाँचौं मेयरकप टी–२० क्रिकेट प्रतियोगिता अन्तर्गत बिहीवार सम्पन्न खेलमा सखुवाप्रसौनी गाउँपालिका विजयी भएको छ ।


तस्वीरः प्रतीक

सखुवाप्रसौनी गापाले टस जितेर बलिङ गर्दै १९.३ ओभरमा पकाहामैनपुर गापाको सबै विकेट झारी १२७ रनमा रोकेको थियो । प्रतिउत्तरमा १४.१ ओभरमा छ विकेट गुमाएर सखुवाप्रसौनी गापाले १३० रन बनाइ विजयी भयो । १७ बलमा ४७ रन बनाएका सखुवाप्रसौनी गापाका आकाश कुमार 'म्यान अफ दी म्याच' घोषित भए । भोलि शुक्रवार पोखरिया नपा र सखुवाप्रसौनी गापाबीच सेमिफाइनल खेल हुने आयोजकले जनाएको छ ।

## सिजी कपमा सनराइज चितवनको विजयी सुरुआत

प्रस, परवानीपुर, ५ पुस/


तस्वीरः प्रतीक

वीरगंजमा जारी सिजी एजुकेशन कपमा बिहीवार सनराइज स्कूल चितवन विजयी भएको छ। दिल्ली पब्लिक स्कूल (डिपिएस) वीरगंजले आयोजना गरेको नवौं संस्करण प्रतियोगिता अन्तर्गत आज भएको दोस्रो खेलमा वीरगंजको जीवनज्योति स्कूललाई शून्यका विरुद्ध चार गोलअन्तरले सनराइज विजयी भएको छ । परवानीपुर–४ चैनपुरस्थित आयोजक विद्यालय डिपिएसको फूटबल मैदानमा आयोजना भएको खेलमा सनराइजका खेलाडीले निर्धारित खेलको १२, १८, २४ र ५९ औं मिनेटमा चार गोल गरेका थिए। जीवनज्योतिले एउटा गोल पनि गर्न सकेन। आजको खेलको उत्कृष्ट खेलाडी सनराइज स्कूल चितवनका उज्ज्वल पटेल घोषित भए । सनराइजको तर्फबाट मनजीत क्षेत्रीले दुई र प्रज्वल तिमिल्सिनाले एक गोल गरेका थिए ।

यसैगरी, ज्ञानदा र कादम्बरीबीच भएको पहिलो खेलमा ज्ञानदाले कादम्बरीलाई दुई गोलका विरुद्ध तीन गोलअन्तरले पराजित गरेको थियो ।

## नेपाल प्रो-क्लब टी-२० क्रिकेटः उद्घाटन खेलमा पर्सा विजयी

प्रस, वीरगंज, ५ पुस/

नेपाल प्रो–क्लब च्याम्पियनशिप टी–२० क्रिकेट प्रतियोगिता बिहीवारदेखि वीरगंजको नारायणी क्रिकेट मैदानमा शुरू भएको छ ।

उद्घाटन खेलमा सन्दीप लामिछाने नेतृत्वको पर्सा क्लब–११ ले भारत उत्तर प्रदेशको युपी–११ लाई एक विकेटअन्तरले पराजित गरेको छ । टस जितेर बलिङ गरेको पर्साले युपी–११ लाई १६ ओभरमा सबै विकेट झारेर ६६ रनमा सीमित पाऱ्यो। ६७ रनको लक्ष्यलाई पर्साले भने १६.३ ओभरमा नौ विकेट गुमाएर जीत हासिल गऱ्यो । पर्साको तर्फबाट कप्तान सन्दीप लामिछानेले तीन विकेट र १२ रन बनाएर 'म्यान अफ दी म्याच' घोषित भए ।

युपी–११ का भीम शर्मा, तरुण कुमार र वासी अन्सारीले दुई/दुई विकेट र शुभम चौधरीले एक विकेट लिएका थिए।

## वीरगंजले काठमाडौंलाई हरायो

काठमाडौं, ५ पुस/रासस

वीरगंज युनाइटेडले काठमाडौं रेजर्सलाई पराजित गर्दै नेपाल सुपर लिग (एनएसएल) फूटबल प्रतियोगितामा जीत हासिल गरेको छ ।

दशरथ रङ्गशाला मैदानमा बिहीवार भएको खेलमा वीरगंजले काठमाडौं रेजर्सलाई ४–१ गोलअन्तरले पराजित गर्दै विजयी भएको हो । वीरगंजको जीतमा विलियम ओपोकुले ह्याट्रिक गरे भने सुनील खड्काले एक गोल थपे । यता काठमाडौंका लागि भने एनकेन्गुय जुनियरले एक गोल गरे ।

खेलमा पहिलो अग्रता भने काठमाडौंले लियो । खेलको २१औं मिनेटमा काठमाडौंका जुनियरले कुलदीप कार्कीको पासलाई सदुपयोग गर्दै गोल गरेका थिए । खेलको पहिलो हाफको अतिरिक्त समयमा वीरगंजले पेनाल्टी पायो । सुशील लामाले प्रहार गरेको बल बचाउने क्रममा काठमाडौंका आन्द्रेस नियाले ह्यान्ड गरेपछि वीरगंजले पेनाल्टी पाएको थियो।

जसको सदुपयोग वीरगंजका विलियम ओपोकुले गरे । त्यस्तै, खेलको दोस्रो हाफमा वीरगंजले थप तीन गोल गऱ्यो । दोस्रो हाफ शुरू भएको पहिलो मिनेटमैं सुनील खड्काले गोल गर्दै टोलीलाई दोस्रो अग्रता दिलाए। त्यसपछि खेलको ५६ र ५७औं मिनेटमा ओपोकुले लगातार दुई गोल गर्दै ह्याट्रिक पूरा गरे । यस जीतसँगै वीरगंजले सात खेल खेल्दा आठ अङ्क जोडेको छ। वीरगंज अङ्कतालिकाको छैटौं स्थानमा उक्लिएको छ।

त्यस्तै, पराजित काठमाडौंले सात खेलमा नौ अङ्क जोडेको छ। काठमाडौं अङ्कतालिकाको पाँचौं स्थानमा छ ।


## सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं,
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हामी सबैको कर्त्तव्य हो,
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानीनोक्सानी कानूनी रूपमा दण्डनीय हुन्छ,
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानीनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्त्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## ठगीधन्दामा विदेशिने ...

बताइन् ।

अहिलेसम्म उद्धार भएका ७१ जनामध्ये १० जना मात्र निरक्षर युवती भेटिएका र बाँकी कक्षा १० सम्म पढेका युवतीहरू रहेको उनको भनाइ थियो । शुरूमा ओरियन्ट, रिभिजन र अहिले वी विनर तथा विशाल मार्टको नाममा नेपाली युवतीहरूलाई रोजगार दिने नाममा ठगीधन्दा चलिरहेको संयोजक पौडेलले बताइन् ।

माइती नेपालका फिल्ड सुपरभाइजर वीरेन्द्र गौतमले वीरगंज नाकाभन्दा खुला सीमाको फाइदा उठाएर भारत जाने क्रम बढेको बताए । उनले बाराको बलिरामपुर, पर्साको भिस्वा, सबैठवा नाकाबाट युवतीहरूलाई बेचबिखनको लागि लग्ने गरेको बताए ।

## माछासँगै भुराको ...

गरी माछापालन गरे ।

पर्सा जिल्लामा माछापोखरीको सङ्ख्यामा वृद्धि भइरहेको र भुराको लागि जिल्लाबाहिर जानु नपर्ने गरी स्थानीय पालिकाहरूमा भुरा केन्द्र सञ्चालन भइरहेका छन् ।

## वीरगंजमा डेङ्गुबारे सचेतना ...

आदर्शनगर क्षेत्रमा डेङ्गु रोगविरुद्धको सचेतना अभियान सञ्चालन गरिएको छ ।

डेङ्गुबाट जोगिने उपायहरूसहितको चेतनामूलक पर्चा सर्वसाधारणहरूलाई वितरण गरिएको ग्रीनसिटीका अध्यक्ष प्रकाश खेतानले बताए ।

कार्यक्रममा प्रहरी सहायक निरीक्षक रामसोगारथप्रसाद यादव, प्रहरी वरिष्ठ हवल्दार देवदत्तप्रसाद कुशवाहा, विवेकराउत कुर्मीलगायतको सहभागिता थियो ।